# आर्थिक वर्ष २०७५/७६ को
# नीति तथा कार्यक्रम
# र
# आय व्ययको अनुमान (बजेट वक्तव्य)

## विनयी त्रिवेणी गाउँपालिका

### नवलपरासी, बर्दघाट सुस्ता पुर्व

### असार १० गते

# गाउँसभा

## बजेट वक्तव्य

यस विनयी त्रिवेणी गाउँपालिकाको सम्मानीत गरिमामय तेस्रो गाउँ सभाका सभाध्यक्ष महोदय, प्रमुख प्रशासकीय अधिकृत ज्यू, निर्वाचित वडाध्यक्ष ज्यूहरु, गाउँकार्यपालिका सदस्य तथा वडा सदस्य ज्यूहरु, विषयगत सरकारी कार्यालयका प्रमुख एंव प्रतिनिधिज्यूहरु, सुरक्षाकर्मी ज्यूहरु, पत्रकार, यस क्षेत्र स्थित शैक्षिक संस्थाका प्रमुख एंव प्रतिनिधिज्यूहरु र यस गाउँपलिकामा कार्यरत कर्मचारीज्यूहरुमा सर्वप्रथम म न्यानो अभिवादन व्यक्त गर्दछु ।

**अध्यक्ष महोदय,**

आज हामी यस सम्मानित गरिमामय सभामा विनयी त्रिवेणी गाउँपालिकाको भोलीको भाग्य र भविष्यको मार्गचित्र कोर्नका निम्ति यहाँ उपस्थित भएका छौ । मिति २०७३ फागुन २७ गतेको नेपाल सरकारको निर्णयबाट स्थापित यस गाउपालिका आ.व. २०७४/०७५ सकिन लाग्दा यस गाउपालिका यस गाउँपालिकाका थुप्रै चुनौतिहरु रहेका छन् । गाउपालिकाको न्युन आयश्रोत र केन्द्रको सिमित अनुदानले न्यूनतम पूर्वाधारको विकास सोचे जति गर्न सकिएको छैन । सघ सरकारबाट प्राप्त बजेट र आन्तरिक आम्दानीबाट प्राप्त बजेटबाट गाउपालिकाले विभिन्न वडाहरुमा विकास निर्माणको कार्य गरेको कुरा सर्वविदितै छ । तथापी स्थानीय निकाय गठन भई कार्य प्रारम्भ भएता पनि सरकारले दरबन्दी अनुसारका कर्मचारीहरुको व्यवस्थापनमा गरेको ढिलाइका कारण बजेट कार्यान्वयन तथा गाउँपालिकाले सेवा प्रवाह गर्नमा निकै कठिनाईहरु विद्यमान रहेका छन् ।

विभिन्न कठिनाई हुँदाहुँदै पनि **आ.व. २०७५/०७६** को लागि तयार गरिएको वार्षिक बजेट, नीति तथा कार्यक्रमका साथै गाउँपालिकाका विविध पक्षहरु बारे परिचय गराउन चाहान्छु ।

# खण्ड १ -परिचय

यस विनयी त्रिवेणी गाउँपालिका प्रदेश नं. ४ मा पर्ने नवलपरासी वर्दघाट सुस्ता पूर्व जिल्लाको ८ वटा स्थानीय तह अर्न्तगगत एक  हो । यस गाउँपालिकाको सिमाना पूर्वमा  मध्यविन्दु नगरपालिका ,पश्चिममा बर्दघाट नगरपालिका, उत्तरमा पाल्पा जिल्ला र दक्षिणमा सुस्ता गाउँपालिका नारायणी नदी र भारतको सिमानासँग जोडिएको छ ।यस गाउँपालिकाको भौगोलिक अवस्था पहाड ,तराई  र भित्री मधेशमा फैलिएको छ ।  नवलपरासी  जिल्ला ४ नं प्रदेशमा पर्ने यो विनयी त्रिवेणी गाउँपालिकामा साबिकका  दुम्किबास ,बेनिमणिपुर ,धुरकोटको ६ वटा वडाहरु , त्रिवेणी सुस्ताको ८ वटा वडाहरु र राकाचुली गा.बि.स.को बडा नं ६,७,८,९ मिली हाल यस गाउँपालिकामा ७ वटा वडा रहेको छ ।

## १.२ विद्यमान अवस्थाको समिक्षा

### १.२.१ सवल पक्ष

१) राज्य पुर्नसंरचनाका कारण स्थानीय तहबाट सेवा र सुविधामा सहज हुने । साना साना काममा पनि सेवा केन्द्र र जिल्ला सदरमुकाम धाउन नपर्ने ।

२) उपयुक्त भुधरातल हुनाले उत्पादनमा बिविधता हुने ।

३) भारतसँग जोडिने ४ नं.प्रदेशको मुख्य नाका यसै गाउँपालिकामा पर्ने भएको ।

५) स्वच्छ हावा, पानी, नदी, खोला भएकोले बस्नका लागि अनुकुल वातावरण ।

६) धार्मिक तथा पर्यटकीय स्थलहरु (त्रिवेणी धाम ,गजेन्द्र मोक्ष दिब्य धाम,दाउन्ने देवी मन्दिर प्रसिद्ध मदर वावा ) रहेको ।

७) विविध उद्योग धन्दाहरु सञ्चालनमा रहेको

८) प्राकृतिक रुपले सम्पन्न र जैविक विविधताको उर्वर भूमी

### १.२.२ कमजोर पक्ष

१) प्रयाप्त मात्रामा पूर्वाधारको बिकास नहुनु । जस्तै बाटो, बिद्युत, कृषि ।

२) परम्परागत कृषि प्रणाली ।

३) केन्द्रिय स्तर सम्म राजनीति नेतृत्वको पहुच नहुनु ।

४) वर्षेनी डुवान तथा कटानको समस्या कृषियोग्य भुमि खण्डिकृत हुदै प्रयोग विहिन हुनु ।

५) चेतनाको कमि हुनु ।

६) आयश्रोतको कमिले गाउपालिका स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।

७) राजनैतिक सहमति, सहकार्य र कियाशीलतामा कमी हुनु ।

८) वातावरण संरक्षण र फोहर व्यवस्थापनको ठोस योजना नहुनु ।

९) विद्यालयको  गुणस्तरमा सुधार गर्न नसक्नु ।

## १.२.३ अवसर

१) स्थानीय तहमा स्रोत ब्यवस्थापन सहितको अधिकार ।

२) निर्माणाधीन दुम्किबास सर्दी हुँदै पाल्पा जोड्ने बाटो र दुम्किबास त्रिवेणी जोड्ने बाटो ।

३) साना साना योजना कार्यान्वयनमा जिल्ला सदरमुकाम सम्म उपभोक्ता समिति धाउन नपर्ने । समय र स्रोतमा बचत र झञ्झटमा  कमी ।

४) समयमा योजना तर्जुमा तथा कार्यान्वयनमा सहजता ।

५) आफ्नो क्षेत्रको विकास र समृद्धिका लागी आफैले नीति निर्माण योजना र कार्यान्वयन गर्ने अवसर प्राप्त ।

६) ऐतिहासिक धरोहर र सम्पदाको  संरक्षण गरी आन्तरिक र बाह्य पर्यटन प्रबर्धनका सम्भाबना ।

७) साना साना विकास निर्माण र सेवा सुविधाका लागी केन्द्रिय नेतृत्ब गुर्हान नपर्ने

८) संघिय सरकार र प्रदेशिक सरकार संग सहकार्यमा विकाश निर्माणको कार्य गर्न सकिने ।

## १.२.४ चुनौती

क) युवा बेरोजगारलाई व्यवस्थापन गर्नु

ख) वर्षेनी हुने खोला नालाको कटान र डुबानलाई दिगो तटबन्धनको व्यवस्था गर्नु

ग) अव्यवस्थित बसोबासलाई व्यवस्थित  गर्नु

घ) अव्यवस्थित बसोबासबाट हुने फोहोरमैलालाई व्यवस्थित गर्नु

ङ) जनताको बढ्दो चाप र मागलाई  आवश्यकता अनुसार सम्बोधन गर्नु

च) राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रसँग समन्वय गरी विकासको कार्यक्रम सञ्चालन गर्नु

ज) विषयगत कार्यालयहरुलाई व्यवस्थापन गरी प्रशासनिक सेवालाई सरलीकृत गर्नु

झ) अशिक्षा ,बेरोजगार र चेतनाको अभावबाट उत्पन्न  दुर्व्यसनी र यसले समाजमा पारेको असरलाई न्यूनीकरण गर्नु ।

ञ) नदीजन्य पदार्थको गैरकानुनी रुपमा हुने चोरी निकासीलाई नियन्त्रण गर्नु ।

## १.३ वार्षिक नीति बजेट तथा कार्यक्रम तर्जुमाको लागि अवलम्बन गरिएको पद्धति

सम्बन्धित वडा समितिले बस्तीस्तरको आयोजना छनौट गर्दा वडा भित्रका वस्तिहरुलाई भौगोलिक अवस्थिती, जनसंख्या, यातायतको सुविधा लगायतका आधारमा क्लस्टर निर्माण गरी सबै नागरिकलाई योजना छनौटको व्यवस्था मिलाई बालबालिका, महिला, आदिवासी जनजाती, दलित, अपांग, सीमान्तकृत, पिछडावर्ग लगायत सबै समुदायको अर्थपूर्ण उपस्थिति गराई नागरिक समाजका संस्थाहरु, महिला, आमा समुह, बालक्लब, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ संस्थाहरुको सक्रीय सहभागी गराई वडा समितिमा पेश गरिएको ।

वडा समितिले गाउँपालिकाबाट प्राप्त आयोजनाको प्राथमिकिकरण मापदण्डको आधारमा टोल, बस्तीस्तरबाट प्राप्त आयोजनालाई विषयक्षेत्र समेत छुटयाई प्राथमिकिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिश गरी पठाईएको ।

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको सीमाभित्र रही बजेट तथा कार्यक्रम तर्जूमा समितिले आयोजनाको प्राथमिकिकरण गरी योजनाहरु निर्धारण गरिएको ।

## १.४ आयोजना प्राथमिकिकरणका आधारहरु

- आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- जनताको जिवनस्तर , आम्दानी र रोजगारी बढ्ने ,
- स्थानीय सहभागिता जुट्ने , स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने ।
- महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
- सेवाप्रवाह,संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने ,
- लैंगिक समानता,सामाजिक समावेशीकरणको अभिवृद्धी हुने,
- दिगो विकास,वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- भाषिक तथा साँस्कृतिक पक्षको जोगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने ।
- स्थान विशेषको संस्कृति र  पहिचान प्रवर्द्धन गर्ने,
- स्थानीय तहले आवस्यक देखेका अन्य विषयहरु ।

## खण्ड २ -चालु आ.व.२०७४/०७५ को समिक्षा

क) आर्थिक क्षेत्र

चाल आर्थिक वर्षमा विनियोजन गरिएको आर्थिक क्षेत्र सँग विनियोजित वजेट न्युन रहेपनि यसले समग्र पर्यटन, कृषि, पशुपालन लगायतका क्षेत्रका गतिविधि वढ्न गइ आर्थिक क्षेत्रको वढोत्तरी भएको छ ।

ख) सामाजिक विकास : महिला, वालवालिका, असाह्य अपाङ्ग लगायत स्वास्थ्य र शिक्षा क्षेत्रमा भएको लगानीले अपेक्षा गरिए वमोजिम प्रगती हुन नसके पनि विगतका वर्षहरुमा भन्दा सामाजिक क्षेत्रमा सुधार भएको महसुस भएको छ ।

ख) पूर्वाधार विकास : चालु आ.व.मा अन्य क्षेत्रको तुलनामा पूर्वाधार विकासमा लगानी धेरै भएको  विनियोजित वजेटको खर्च प्रतिशत करिव सतप्रतिशत पुग्न जाने अनुमान गरिएको छ । धार्मिक क्षेत्रमा निर्माण भएका संरचना, विभिन्न स्थानमा गरिएको कालोपत्रे वाटो वडा नं. ३ र ५ मा खोलिएको नया ट्रयाक, वाटो ग्रावेल नाली निर्माण तथा सुधारका कार्यहरु भै रहेको एवं विभिन्न स्थानमा कल्भर्ट,ह्युम पाइप निर्माण गरिएको साथै विद्युतीकरणको क्षेत्रमा वडा नं. ३ ,४ र ५मा  सामुदायिक विद्युतिकरणका कार्यहरु ढिलै भए पनि अगाडी वढि रहेको छ

ग) बस्ती स्तरबाट प्राथमिकीकरण भई आएका योजना कार्यान्वयनमा भइरहेको छ ।

घ) उपभोक्ता समितिलाई पुर्ण जिम्मेवारी दिई जनसहभागिताबाट योजना सम्पन्न गरिएको छ ।

ङ) सामाजिक सुरक्षा भत्ता वितरणलाई सरलीकृत गरिएको छ ।

च) बालमैत्री स्थानीय शासन अबलम्बन कार्यक्रमलाई प्रभावकारी रुपले सञ्चालन गरिएको छ ।

छ) थोरै बजेटबाट धेरै काम गर्नु पर्ने भएको हुँदा योजनाहरु पूर्ण रुपले सम्पन्न हुने गरी बजेट विनियोजन गर्न नसक्दा योजना सम्पन्न गर्न बाँकी रहेको अवस्था छ ।

ज) सम्पन्न हुन नसक्ने योजनाहरुलाई सम्बन्धित वडाको माग अनुसार गाउँकार्यपालिका बैठकबाट निर्णय गराई शिर्षक रकमान्तर गरी योजना सम्पन्न गरिएको छ ।

४) गाउँपालिका तथा वडा कार्यालयको न्यूनतम भौतिक पूर्वाधारको अवस्था र आवश्यक कर्मचारीको अभाव हुँदाहुदै पनि सिमित जनशक्तीवाट प्रशासनिक सेवा संचालनको व्यवस्था मिलाइएको छ

चालु आ.व मा शसर्त अनुदान तर्फ जेठ मसान्त सम्म कुल १०,४६,७२,६४२।२८ ( **दश करोड छयालिस लाख वहत्तर हजार छ सय वयालिस र पैसा अठ्ठाइस** , समानीकरण चालु अनुदान तर्फ २,०७,६०,१२६।५० -**दूइ करोड सात लाख साठी हजार एक सय छव्वीस र पैसा पचास** समानीकरण पुजिगत तर्फ ११,५९,२५,२८१। सिमाक्षेत्र विकास कार्यक्रम तर्फ रु २९,७१,०००। (**उन्तीस लाख एकहत्तर हजार**) स्थानीय शासन तथा सामूदायिक विकास कार्यक्रम चालु तर्फ १,९९,२००। **एक लाख उनान्सय हजार दूइ सय** पुजिगत तर्फ ५,८०,४६४। -**पाच लाख असी हजार चार सय चौसठ्ठी** त्यसै गरि गरिव संग विश्वेश्वर कार्यक्रम तर्फ रु ५,२६,०००। **पाच लाख छव्वीस हजार** वहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ ५,८१,८००। - **पाच लाख एकासी हजार आठ सय**) खर्च भएको छ । त्यसै गरि गाउँपालिकाको वैसाख मसान्तसम्म आन्तरिक आम्दानी रु १,१६,६४,६४९। (एक करोड सोह्र लाख चौसठ्ठी हजार छ सय उनपचास )

## २.४ गैह्र सरकारी संघसंस्थाहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा

यस गाउँपालिका अर्न्तगत सञ्चालनमा रहेका विभिन्न गैह्रसरकारी संघ संस्थाहरुबाट चा.लु आ.वमा सञ्चालन गरिएका कार्यक्रमहरुलाई सकरात्मक रुपमा विश्लेषण गर्न सकिन्छ ।

## खण्ड ३ आगामी आ.व.०७५/०७६को नीति ,बजेट तथा कार्यक्रम

## ३.१ सोंच

स्वच्छ,समृद्ध र समुन्नत गाउँपालिका निर्माण गर्ने ।

## ३.२ लक्ष्य

प्रदेश नं.४ को प्रमुख सिमा नाकाको रुपमा विकास गरी आर्थिक ,सामाजिक विकास तथा धार्मिकरुपले पर्यटकीय गन्तव्यको रुपमा विकास गर्दै रोजगारी सृजना तर्फ केन्द्रीत हुने ।

## ३.३ उद्देश्य

**आगामी आर्थिक वर्षको वार्षिक विकास योजनाको प्रमुख उद्देश्यहरु यस प्रकार छन्**

- भैतिक पूर्वाधार निर्माण तथा स्तरोन्नती गर्ने ।

- मौलिक साहित्य ,संगीत तथा कलाको संरक्षण प्रवर्द्धन गर्ने ।
- वातावरण संरक्षण तथा सरसफाइ प्रवर्द्धनमा ध्यान दिने ।
- पर्यटकीय क्षेत्रको संभाव्यता अध्ययन गरि लगानीका लागि उपयुक्त वातावरण सृजना गर्ने ।
- कृषि, पशुपालन तथा जडिबुटी उत्पादन, संरक्षण तथा बजारीकरणलाई प्रवर्द्धन गर्ने ।
- लक्षित वर्ग हित अनुकूल हुने कार्यक्रम संचालन गर्ने ।

## ३.४ अपेक्षित उपलब्धी

स्थानीयतह सुद्धढ नभई देश समृद्धि हुन नसक्ने बिगतको सिकाईबाट संबिधानबाटै स्थानीय तहलाई साधन स्रोत र अधिकारको व्यवस्था भएबाट यतिबेला सतहमा रहनेलाई तरङ्ग पैदा भएको छ । प्रर्याप्त मात्रामा पूर्बाधार विकास नभएको यो विनयी त्रिवेणी गाउँपालिकाका बासिन्दालाई अबत छिट्टै विकास हुन्छ , हामी सुखी र खुसी हुने दिन नजिक आउदैछ भन्ने आशा र अपेक्षा जाग्रत भएको छ । यस्तो अपेक्षा पूर्तिका लागी सर्वप्रथम यो गाउँपालिकाको समृद्धिका लागी आबश्यकता संभाब्यता र क्षमताको आधारमा गुरु योजना बनाई सर्वदलीय सर्वपक्षीय प्रतिबद्धता हुनुपर्छ । एक आ.ब. को बजेटबाट जन अपेक्षा अनुरुप विकास सम्भव नहुदा केही हुदैछ र राम्रो तरिकाबाट योजना अगाडी बढ्दै छ भन्ने बिश्वास दिलाउन सक्ने हुनेछ । साथै,

१) राजनैतिक नेतृत्व उदार र सहिष्णुता हुनेछ ।

२) पछाडी परेका बा पारिएका क्षेत्र जाति र वर्गलाई केन्द्रमा राखी योजना तर्जुमा गरी ती पक्षलाई अगाडी ल्याउनेछ ।

३) बालमैत्री, अपाङ्ग मैत्री, र बातावरण मैत्री गाउँपालिका बन्नेछ ।

४) प्रत्येक वडाबाट गाउँपालिका केन्द्र र बजारसम्म पहुँच पुग्नेगरी मोटर मार्ग निर्माण र स्तरोन्नती हुनेछ ।

५) ब्यवस्थीत बस्ति विकास, भूकम्पीय जोखिम न्यूनिकरण भबन र संरचना निर्माणको लागी तालीम गोष्टि आदिको ब्यबस्था हुनेछ ।

६) पर्यटन पुर्बाधार विकास गरी पर्यटकीय गाउँको लागि बस्ति छनोट गरी होमस्टे सञ्चालन गर्न प्रबन्ध प्रवर्द्धन गरिनेछ ।

७)  सबै वडामा विद्युतको पहुँच विस्तार गरिनेछ ।

८) ब्यबसायिक कृषि तथा पशुपालन लाई प्रोत्साहन गरिनेछ ।

९) अर्गानिक उत्पादन र प्राङगारीक मल उत्पादन तर्फ जोड दिईनेछ ।

१०) सिचाई ब्यबस्था ,नहर कुलो सुधार, बेमौसमी तरकारी उत्पादनको क्षेत्रमा जोड दिईनेछ ।

११) जेष्ठ नागरिक सम्मान तथा स्थास्थ्य शिविर कार्यक्रम ल्याईनेछ ।

१२)  ऐतिहासिक धरोहर र सम्पदाहरुको संरक्षण र सम्वर्द्धन र प्रवर्धन गरी आन्तरीक र बाह्य पर्यटनलाई जोड दिईनेछ ।

१३) स्वरोजगार युवा रोजगार मुखी कार्यक्रम कृषि, पशुपालन, पर्यटन, नर्सरी मौरी र माछा पालनलाई प्राथमिकता दिइनेछ ।

१४) घर घरमा स्बच्छ खानेपानी आपूर्ती ब्यबस्था गर्नेतर्फ विशेष पहल गरिनेछ ।

१८) आशा र भरोसा जगाउने शैक्षिक बाताबरणको सृजना हुनेछ ।

**३.५ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु**

- नेपालको संविधान २०७२ को अनुसुची ८ र ९ मा उल्लिखित अधिकारको सूची,
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु,
- स्थानीय सरकार संचालन ऐन,२०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु
- स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४
- संघिय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- स्रोत साधन
- विकासका अन्तरसम्बन्धित विषयहरु

- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु
- संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि ।

### ३.५ १. समग्र नीति तथा आधारहरु

- सकारात्मक सोंचका साथ समृद्धिको दुरदृष्टी तय गरी योजनावद्ध तरिकाले अघि वढ्ने नीति लिइने छ ।
- विकासका कार्यहरुलाई परिणाममुखि वनाउन नतिजामा आधारित (Result based) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ ।
- स-साना टुक्रा योजना बनाई परिणाम देखाउन नसकिने योजना निर्माण गर्ने पक्रिया एंव परिपाटिको अन्त्य गर्नेतर्फ प्रयास गरिनेछ ।
- न्युनतम आधारभुत आवश्यकतालाई पहिलो प्राथमिकतामा राखि बजेट विनियोजन गर्ने नीति लिइनेछ ।
- नियमित प्रशासनिक सेवा प्रवाहलाई मुस्कान सहितको सेवा (service with smile) को नीति लिइनेछ ।
- सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तत्काल समाधान गर्ने नीति लिइनेछ ।
- पारदर्शीता, जवाफदेहीता, इमान्दारिता, कर्तव्यनिष्ठाका साथ सेवा प्रवाहलाई सुशासन मैत्री वनाउदै लगिनेछ ।
- लक्षित वर्गलाई प्रत्यक्ष लाभ हुने ठोस योजना (Concret Project lunch) निर्माण गर्ने नीति अवलम्वन गरिने छ ।
- अधिक जनतालाई लाभ पुग्ने र जनताको जनसहभागिता जुट्ने किसिमको योजनालाई प्राथमिकतामा राखिनेछ ।
- आवधिक योजनाहरु विकास गर्नका लागि गाउँस्तरिय आवधिक योजना(Rural Municipal periodic plan) तर्जूमा गर्नका लागि आवश्यक पहल गर्ने नीति लिईनेछ ।
- पूर्वाधार विकास र सामाजिक विकासलाई संगसंगै (Parallelly) अगाडी वढाइनेछ । सामाजिक विकासको नाममा हुने अनुत्पादक खर्चलाई निषेध गरिनेछ ।

- गाउँपालिका अर्न्तगतका विषयगत निकायहरुले प्रवाह गर्ने सेवालाई चुस्त दुरुस्त र पारदर्शी बनाउनेतर्फ ध्यान दिईनेछ ।
  - आर्थिक वर्ष को अन्त्यमा मात्र काम गर्ने परिपाटीको अन्त्य गरी बाह्रै महिना योजना तथा विविध गतिविधिहरु संचालनमा ल्याइने (all weather service and activities) नीति अवलम्वन गरिनेछ ।
  - सार्वजनिक सुनुवाई कार्यलाई निरन्तरता दिइनेछ ।
  - सार्वजनिक परिक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
  - निर्माण कार्यको भौतिक परिक्षण गराइनेछ ।
  - सहभागितामा योजना छनोट गर्ने कार्यलाई विशेष प्रथामिकता दिइनेछ ।
  - योजना कार्यन्वयनमा उपभोक्ताको अनिवार्य संलग्नता गरिनेछ ।
  - लक्षित कार्यक्रमको वजेटलाई सोही वर्गलाई प्रत्यक्ष लाभ पुग्ने गरी भौतिक तथा अन्य कार्यक्रममा लगानी गरिनेछ ।
  - राष्ट्रिय साक्षरता अभियानलाई उच्च प्राथमिकता दिई साक्षरता अभियानलाई निरन्तरता दिने नीति लिईने छ ।
  - गुणत्मक शिक्षाको लागि सम्बन्धित सरोकारवालाहरुसँग सहकार्य तथा समन्वय गरी शिक्षा क्षेत्रमा लगानीको बृद्धि गरिनेछ ।
  - सबैका लागि शिक्षा भन्ने मूल नारालाई आत्मसाथ गर्दै हरेकले शिक्षा लिन पाउनु पर्ने अधिकारलाई सुनिश्चित गर्ने कार्यक्रमको निति लिईनेछ ।
  - बालमैत्रीयुक्त शिक्षाको लागि विशेष पहल गरिनेछ ।
  - महिला तथा नवजात शिशुको सुरक्षित स्वास्थ्यको लागि सरकारी स्वास्थ्य संस्थामा सुत्केरी भएबापत थप रु. १५००। पोषण भत्ता उपलब्ध गराईनेछ ।
  - स्वास्थ्य अवस्थामा सुधार ल्याउनको लागि विकट क्षेत्रलाई प्राथिमिकता दिई नमुनाको रुपमा बेनीमणिपुर स्वास्थ्य चौकी र त्रिवेणी स्वास्थ्य चौकीमा प्रयोगशाला परीक्षणको व्यवस्था गरिएकोमा यस आ.व.मा दुम्किवास स्वास्थ्य चौकीमा प्रयोगशाला विस्तार गरिनेछ ।
  - यस गाउँपालिका अर्न्तगतका स्वास्थ्य चौकीहरुको स्तर उन्नतीका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
  - विनयी त्रिवेणी गाउँपालिका अर्न्तगत आ.व. २०७४/०७५ मा वगुवन र डाडाजौरमा सामुदायिक स्वास्थ्य इकाइ स्थापनामा गरिएकोमा आगामी आ.व.मा वडा नं. ५ को खुम्वारी, वडा नं. ३ को कुडापानी र वडा नं. २ को दाउन्नेमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरिनेछ ।

- स्वास्थ्य चौकी नभएका वडाहरुमा स्वास्थ्य चौकी स्थापनाका लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको कार्यक्रमलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्न प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- दुम्किवास स्वास्थ्य चौकीलाई २५ सैयाको अस्पताल वनाउन सम्वन्धीत निकायमा पहल गरिनेछ ।

## क) आर्थिक क्षेत्र

- राजश्वको दायरा फराकिलो गरी राजश्वको विविधिकरण एंव विस्तारिकरणमा जोड दिइनेछ ।
- कर वर्गीकरण तथा कर संकलनलाई सरलीकरण गर्न विषेश किसिमको सुधार कार्यक्रम ल्याइनेछ ।
- आन्तरिक आय वृद्धिका लागि करका नयाँ क्षेत्रहरु पहिचान गरि कार्यान्यनमा ल्याइनेछ ।
- कर तिर्नु हरेक नागरिकको कर्तव्य हो भन्ने भावनाको विकास गरि कर प्रतिको जनताको नकारात्क धारणालाई निरुत्साहित गरिनेछ ।
- एकिकृत सम्पत्ती कर तथा अनिवार्य नक्शा पासलाई कार्यान्वयन गरिने छ ।
- विनयी खोला को IEE गरी समयमा ठेक्का लागाइने छ ।
- कृषि तथा पशुमा लगाानी वृद्धि गरी कृषिजन्य र पशुजन्य उत्पादन वृद्धि गरिनेछ ।
- उद्यमशिलतालाई कार्यक्रम संचालन गरिनेछ ।

## ख) सामाजिक क्षेत्र

- परम्पपरागत धर्म, संस्कृति, कला, लोक संगित, पुरातात्तिक सम्पदाहरुको संरक्षण गर्नका लागि विशेष नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।
- धार्मिक एंव पुरातात्विक महत्वको ग्रामीण क्षेत्रका सम्पदाहरुको सरोकारवालाहरुको समन्वयमा पहिचान गरी त्यसको संरक्षण र जगेर्नामा लगानी गर्ने नीति अवलम्वन गरिनेछ ।
- कला संस्कृतिको प्रवर्द्धनका लागि आकस्मिक एवं नियमित किसिमका कार्यक्रमहरु गर्ने प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

- बालमैत्री स्थानियशासनको अवधारणालाई प्रवर्द्धन एंव विकासका लागि आवश्यक क्रियाकलापहरु समेत संचालनमा ल्याइनेछ ।
- विद्यालयहरुलाई बालमैत्री तथा छात्रामैत्री विद्यालयको रुपमा विकास गर्ने गरि भौतिक संरचनाहरुमा क्रमश सुधार गरिनेछ ।
  - शिक्षासंग सम्वन्धित कार्य गर्ने गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरि यस गाउँपालिकाको शैक्षिक विकासमा एकिकृत कार्यक्रम सञ्चालन गरिने छ ।
  - महिला, आदिवासी जनजाती , दलित , मुस्लिम लगायतको क्षमता वृद्धि कार्यक्रम संचालन गरिनेछ ।
  - अपाङ्ग कार्यक्रम तथा जेष्ठ नागरिक सम्मान गरिनेछ ।
  - सामाजिक सुरक्षा भत्तालाई बैकिङ तथा व्यक्तिगत घटना दर्तालाई अनलाइन वाट गर्ने प्रकृया थालनी गरिनेछ ।

## ग) पूर्वाधार क्षेत्र

### भौतिक विकास तर्फ

- गाउँपालिकाले प्राथमिकता निर्धारण गरेका सडकहरुमा प्राथमिकताका साथ लगानी गर्ने तथा गाउँपालिकाको श्रोतले नसक्ने अवस्थाका ठुला सडकहरुलाई सरोकारवाला सम्वन्धित निकायसंग समन्वय गरी निर्माण गरिनेछ ।
- सिंचाई योग्य जमिनको उचित संरक्षण गरि कृषि उत्पादनमा आत्मनिर्भरता कायम गरिनेछ ।
- भवन निर्माण आचारसंहिता २०७२ कार्यान्वयनमा ल्याइनेछ । भुकम्प प्रतिरोधी संरचना निर्माणलाई अनिवार्य गरिने नीति अवलम्वन गरिने छ ।
- न्यूनतम पूर्वाधार जस्तै सडक, विजुली, खानेपानी, संचार, जस्ता पूर्वाधार निर्माणमा निश्चित मापदण्डको आधारमा मात्र संरचनाहरु निर्माण गर्ने परिपाटी बसालिनेछ ।
- योजनावद्ध विकासमा निर्द्धिष्ट गरे अनुसार प्राथमिकताका आधारमा भौतिक पूर्वाधारमा लगानी गरिनेछ ।
- स्वरोजगार उन्मुख पूर्वाधार निर्माणलाई प्राथामिकतामा राखिनेछ ।
- अधुरा योजनाहरुलाई प्राथमिकताका आधारमा समय सारणी सहित सम्पन्न गर्न श्रोतहरुको खोजी गरी सम्पन्न गर्न प्राथमिकता दिईनेछ ।

## घ) वातावरण तथा विपद व्यवस्थापन

- भौतिक संरचना निर्माण गर्दा वातावरण मैत्री हुनेगरी निर्माण गरिनेछ । एउटा संरचना वन्दै गर्दा अर्को प्राकृतिक सम्पदा विनास हुने प्रकृतिको अन्त्य गर्न बायो ईन्जीनीयरिङ Bioengineering सहितको पूर्वाधार निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।
- खाली ठाउँमा वृक्षारोपण गर्न वन कार्यालयसंग सहकार्य गरी वृक्षारोपण गरी प्राकृतिक प्रकोपबाट जोखिमलाई न्यूनिकरण गर्न सहकार्य गर्न नीति लिइनेछ ।
- ग्रामीण विकासलाई वातावरणमैत्री वनाउदै लगिनेछ ।
- घर घरमा रुख लगाउनुपर्ने, करेसावारी वनाउनु पर्ने, घरमा आगन अनिवार्य हुनपर्ने लगायतका न्यूनतम वातावरणीय संरक्षणका उपायहरु अवलम्वन गरिनेछ ।
- यस क्षेत्रमा रहेका विभिन्न नदी तथा खोलाबाट हुने कटानलाई नियन्त्रण गर्न आवश्यकता अनुसार गुरु योजना बनाई कार्यान्वयन गरिनेछ ।
- कटान क्षेत्रमा तटबन्धनको लागि तारजाली भर्ने कार्य तिब्र रुपमा गरिनेछ ।
- विपद व्यवस्थापनको लागि आवश्यक कोषको व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकालाई पूर्ण सरसफाई युक्त क्षेत्र घोषणा गर्न आवस्यक पहल गरिनेछ ।

## ङ) संस्थागत विकास सेवा प्रवाह र सुशासन

- उपलव्ध जनशक्तिलाई मानवीय संवेदनका आधारमा कार्य सम्पादनमा लगाइनेछ ।
- व्यक्तिको योग्यता क्षमता र जिम्मेवारीको आधारमा काममा लगाईनेछ ।
- आफ्नो काम प्रति व्यक्ति स्वयंम उत्तरदायी हुने व्यवस्था अवलम्वन गरिनेछ ।
- जनशक्तिको क्षमता अभिवृद्धिका लागि क्षमता विकास सम्वन्धि कार्यक्रमहरु ल्याइनेछ ।
- सवै कर्मचारीले आफ्नो शाखाको आफ्नो कम्प्यूटरबाट काम गनुपर्ने व्यवस्था लागु गर्न आवश्यक क्षमता विकास गरिनेछ ।
- गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष , वडा अध्यक्ष, गाउ कार्यँपालिकाको निर्वाचित तथा मनोनित सदस्य तथा वडा सदस्यहरुलाई प्रदेश सरकारले तोके वमोजिम मासिक सेवा सुविधा उपलब्ध गराईने छ ।
- निद्रिष्ट ऐन, नियमले दिएको अधिकार प्रयोग गरी दण्ड दिने तथा आवश्यकता अनुसार उचित पुरस्कार दिने नीति अवलम्वन गरिनेछ ।

- उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई सम्मान गर्ने तथा लापरबाही गर्ने उपभोक्ता समितिका व्यक्तिहरुलाई कारबाही गरिनेछ ।
- सामाजिक परिचालन क्षेत्रमा काम गर्ने व्यक्तिहरुलाई योगदानको आधारमा सम्मान दिने नीति लिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र राम्रो काम गर्ने संघसंस्थालाई कार्य सम्पादन मुल्याकंनको आधारमा प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ ।

**३.६मुख्य मुख्य आयोजना र क्रियाकलापहरु**

- सडक कालोपत्रे तथा स्तरोन्नती प्राथमीकता साथ लिएको सो लागी आवश्यक रकम विनियोजन गरिएको छु ।
- सौर्य सडक बत्ति सञ्चालन
- वडा कार्यालयहरुको भवन निर्माण गर्न रु. ७५०००००। (पचहत्तर लाख) विनियोजन गरेको छु । साथै गाउपालिका भवनको स्थान पहिचान गर्न लागी सर्वदलिय , सर्वपक्षिय र गाउपालिका वाट संयुक्त पहल गरिने छ ।
- शैक्षिक संस्थाहरुको भवन निर्माण एवं मरमत तथा शैक्षिक गुणस्तर सुधार को आवश्यक व्यवस्था गरिने छु ।
- खोला तथा नदीबाट हुने कटान नियन्त्रण
- कृषि तथा पशु सम्बन्धी कार्यक्रम सञ्चालन
- एकिकृत गाउपालिका स्तरीय गुरुयोजना तयार गर्नको लागी रु. १००००००( दश लाख ) विनियोजन गरेको छु ।
- स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण तथा स्वास्थ्य प्रर्वद्धन सम्बन्धी विविध कार्यक्रम सञ्चालनको आवश्यक ।
- युवा लक्षित विभिन्न खेलकुद प्रतियोगिता तथा रोजगारमूलक कार्यक्रम संचालन गरिने छ ।
- अन्य लक्षित वर्गको विकास तथा सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालन
- खानेपानी व्यवस्थापन सम्बन्धी योजना सञ्चालन
- सिंचाईको लागि विविध कार्यक्रम
- संस्कृति प्रवर्द्धन कार्यक्रम सञ्चालन
- सुशासन , सेवाप्रवाह र संस्थागत विकास
- स्थानीय स्तर , गैर सरकारी संस्था र संघिय सरकार र प्रदेश सरकार संग समन्वयमा योजना तथा कार्यक्रम संचालन गर्न समपुरक कोषमा रु. २०००००००( रु. दुई करोड ) विनियोजन गरेको छु ।
- गाउपालिका स्तरीय गौरवको योजनाको लागी वजेट विनियोजन गरेको छु ।

माथि उल्लेखित नीति तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी वढाउन गाउँपालिका कार्यालय प्रतिवद्ध भएको व्यहोरा अनुरोध गर्न चाहान्छु । सीमित श्रोतको उपलब्धताका कारण गाउँवासीहरुको अपेक्षा अनुरुप पूर्ण रुपमा सम्बोधन गर्न नसकिएता पनि क्रमिकरुपमा सम्बोधन गर्दै जान सम्बन्धित सरोकारवाला निकायसंग समन्वय गरि गाउँपालिका अगाडी वढ्दै जानेछ ।

**अध्यक्ष महोदय,**

थुप्रै समस्याहरु र चुनौतिहरु भएता पनि सकारात्मक सोचका साथ सुन्दर, समृद्ध र समुन्नत गाउँपालिका निर्माण गर्न सकिने प्रसस्त सम्भावनाहरु रहेका छन् । । राम्रो योजना बन्नु नै आधा काम सक्नु हो भने झैं गाउँपालिकाले नतिजामा आधारित योजनावद्ध विकास गर्ने दिशातर्फ आफ्ना नीति, कार्यक्रम तथा बजेट परिलक्षित गरेको छ ।

अव म यस सम्मानित गरिमामय प्रथम गाउँ सभा समक्ष आगामी आ.व. २०७५/०७६ मा प्रस्ताव गरिएको वजेट पेश गर्ने अनुमती चाहान्छु ।

**आय अनुमान निम्न अनुसार रहेको छ ।**

- आम्दानी तर्फ आन्तरिक श्रोत **रु. ५०६३००००। -पाच करोड छ लाख तिस हजार** )
- संघिय सरकाको राजस्व बाँडफाँटबाट ८,२८,०८,०००। (**आठ करोड अठ्ाइस लाख आठ हजार** )
- संघीय सरकार सशर्त अनुदन - विषयगत कार्यालयहरुका लागि विनियोजन भएको) **रु.१४,४०,००,०००(चौध करोड चालिस लाख** )
- संघीय सरकार वाट प्राप्त सशर्त( बहुक्षेत्रिय पोषण) रु. १६,३५,०००( स्रोह लाख पैतिस हजार )
- सामाजिक सुरक्षा वापत अनुमानीत सर्सत अनुदान **रु. ५,००,००,०००।( पाच करोड** )
- नेपाल सरकारको समानीकरण अनुदान **रु.१०,९६,००,०००(दश करोड छेयानब्बे लाख** )

- प्रदेश सरकारवाट प्राप्त अनुदानः वित्तिय समानिकरण अनुदान **रु.१,१७,५९,०००( एक करोड सत्र लाख उन्नसाठी हजार)** र राजस्व वाडफाड (सवारी कर) **रु.३३२४५८२(तेत्तिस लाख चौविस हजार पाचँ सय बयासी)**
- गत आ.व.२०७४।०७५ मा खर्च हुन नसकी वाकी रहन जाने अनुमानित रकम रु.१,९०,००,०००। - (एक करोड सत्तरी लाख )
- जनसहभागिता **रु. ८१२००००( एकासी लाख विस हजार** ) गरी जम्मा रु. **४७,८८,७६५८२।००(सचालिस करोड अठासी लाख छेहत्तर हजार पाच सय बयासी** )को प्रस्तावित आय पेश गरेको छु ।

यसै गरि आगामी आ.व. २०७५/०७६ मा समग्र गाउँ विकास योजना कार्यन्वयनको लागी प्रस्तावित बजेट **४७,८८,७६५८२।००(सचालिस करोड अठासी लाख छेहत्तर हजार पाच सय बयासी** ) ) यस गरिमामय सभामा स्वीकृतीको लागि पेश गर्ने अनुमति चाहान्छु ।

<u>**व्यय अनुमान निम्न अनुसार रहेको छ ।**</u>

१) पुजिगत तर्फ रु.२४,५७,८८०००। -चौविस करोड सन्नताउन्न लाख अठसी हजार ) कुल वजेटको ५०.२८ प्रतिशत ।

२) चालु तर्फ रु. ४,०९,३६,०००। (चार करोड नौ लाख छत्तीस हजार ) कुल वजेटको ८.६० प्रतिशत

३) नेपाल सरकार सशर्त अनुदन -विषयगत कार्यालयहरुका लागि विनियोजन भएको) रु.१४,४०,००,०००। (चौध करोड चालिस लाख )कुल वजेटको ३०.२६ प्रतिशत

४) सामाजिक सुरक्षा तर्फ रु.५,००,००,०००।( पाच करोड) कुल वजेटको १०.५० प्रतिशत

५) बहुक्षेत्रिय पोषण कार्यक्रम रु. १६,३५,०००( सोह्र लाख पैतिस हजार )०.३६ प्रतिशत

माथि उल्लेखित बजेटको विस्तृत क्षेत्रगत विवरण अनुसूचीमा उल्लेख गरेको छु ।

अध्यक्ष महोदय ,

माथि उल्लेख गरिएको आयोजनाहरु सम्वन्धित टोल/बस्ती हुदै वडा समितिवाट छनौट भई गाउँकार्यपालिका वैठकमा घनीभुत छलफल पश्चात पाँचवटा विषय क्षेत्रमा छुट्टाइ विनियोजन गरेकी छु । जसलाई अनुसुचीमा राखिएको व्यहोरा यहाँहरु लाई अवगत गराउन चाहान्छु ।

अन्त्यमा ,

विभिन्न अन्योलताका विचमा अत्यन्तै छोटो समयमा यति ठुलो रकम वरावरको वजेट निर्माण गर्नु आफैमा चुनौतिपुर्ण काम हुदो रहेछ । विषयगत कार्यलयहरु के कति मात्रमा गाउँपालिकामा आउने हो , वित्तिय समानिकरण अन्तर्गत पठाइएको रकमहरु पनि के कसरी खर्च गर्नु पर्ने हो तथा भोली पनि गाउँपालिकाले अन्य कस्ता कस्ता क्षेत्रमा रकम छुट्याउन पर्ने हो भन्ने अन्योलताले गर्दा विनियोजित वजेट केही अपुरो जस्तो देखिन गएको छ । त्यस्तो अवस्थाको सृजना भएमा पनि भोलीका दिनमा कार्यपालिकाले संशोधन प्रस्ताव पेश गरी सभाले अनुमोदन गर्न सक्ने प्रावधान अनुसार नै कार्य हुनेछ भन्ने कुराको पनि जानकारी गराउन चाहान्छु । अन्त्यमा वजेट निर्माण प्रकृयामा अहोरात्र खटिनुहुने वडा अध्यक्षहरु,गाउँकार्यपालिका सदस्यहरु,वडा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत,सम्पुर्ण गाउँपालिकाका कर्मचारीहरु, वडा सचिवहरु, विषयगत कार्यालयका प्रमुखहरु लगायत वजेट तर्जुमामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सवै लाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद**

**जय विनयी त्रिवेणी**